# शिक्षा (आठौं संशोधन) ऐन २०७३: एक विवेचना

- रमेश सिलवाल
अध्यक्ष
हिसान

भर्खरै व्यवस्थापिका-संसदले शिक्षा ऐन-२०२८ को आठौं संशोधन पारित गरेको छ । मुलुकमा ठूला-ठूला राजनैतिक परिवर्तन भएतापनि शिक्षा ऐनमा लामो समय सम्म परिवर्तन नहुँदा शिक्षा जगत्मा अन्यौलता छाएको थियो । शिक्षा ऐनको आठौं संशोधनले यो परिवर्तनलाई एक हद सम्म समेट्ने प्रयास गरेको छ, जुन स्वागतयोग्य छ । शिक्षा ऐनको आठौं संहोधनले शिक्षा क्षेत्रको समस्यालाई सम्वोधन गर्ने प्रयास गरेतापनि, यो ऐन आलोचनामुक्त र सर्वस्वीकार्य भने हुन सकेन । यस कार्यपत्रमा यस ऐनको सवल र सकारात्मक पक्ष र कमजोर पक्षलाई उजागर गर्न खोजिएको छ र कमीकम्जोरीहरुलाई समाधान सहित यथाशीघ्र सच्याउन ध्यानाकर्षण गर्ने प्रयास समेत गरिएको छ ।

**सवल र सकारात्मक पक्षः**

१) यो ऐनले देशमा परिवर्तित राजनैतिक अवस्था अनुरुप शिक्षालाई एकहदसम्म समय सापेक्ष वनाउने प्रयास गरेको छ ।

२) विद्यालय तहमा "आधरभूत शिक्षा" (वाल शिक्षादेखि कक्षा आठ) र माध्यमिक शिक्षा (कक्षा नौ देखि कक्षा वाह्र) भनि दुई तह मात्र कायम गरिएको छ र"विशेष शिक्षा" र "समावेशी शिक्षा" मा जोड दिइएको छ । "अनौपचारिक शिक्षा""निरन्तर शिक्षा""दूर शिक्षा" तथा "खुला शिक्षा" सम्वन्धी खाका ल्याएको छ ।

३) विद्यालय शिक्षामा परीक्षालाई मर्यादित वनाउन र गुणस्तर कायम गर्न "राष्ट्रिय परिक्षा वोर्ड" को गठन गरिएको छ । जसले माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने (कक्षा १२) को परीक्षा संचालन गर्नेछ ।

४) शिक्षा सम्वन्धी नीति निर्धारण गर्ने सम्वन्धमा नेपाल सरकालाई सल्लाह तथा सुझाव दिन स्थायी प्रकारको "राष्ट्रिय शिक्षा परिषद्" गठन गरिएको छ । जुन स्वागतयोग्य कदम हो ।

५) शिक्षाको गुणस्तर कायम गर्न, मापन एवं परीक्षण गर्न "शैक्षिक गुणस्तर परीक्षण केन्द्र" गठन गरिएको छ । यसको नामावलीमा विमति भएतापनि यस्तो केन्द्रले शिक्षाको गुणस्तर मापन गर्न र गुणस्तरमा न्यूनतम ढंगले एकरुपता ल्याउन मद्दत पुग्नेछ भनि विश्वास गर्न सकिन्छ ।

६) शिक्षा मंत्रालय मातहतमा गठन हुने विभिन्न समिति तथा उपसमितिहरुलाइ वढी समावेशी गर्न खोजिएको छ । महिला, दलित, अपाङ्ग लाई प्राथमिकता दिएको छ र वास्तविक अभिभावकको प्रतिनिधित्व गर्न खोजिएको छ ।

७) यस ऐनले लामो समयसम्म विद्यालयमा कार्यरत अस्थायी शिक्षक तथा कर्मचारी हरुलाई "स्थायी" गर्ने प्रक्रियामा प्रतिवद्धता जनाएको छ र "गोल्डेन ह्यान्डसेक" को समेत व्यवस्था गरेको छ । जुन स्वागतयोग्य कदम छ । यो शिक्षा ऐन मूलतः मा.वि. तहसम्मका सरकारी शिक्षकहरुको समस्या समाधान गर्न मात्र ल्याईएको हो कि भन्ने आभाष दिन खोजिएको छ ।

८) "नेपाल सरकारले सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय तथा एक भन्दा वढी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरु वीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ" भनिएको छ । तर निजी क्षेत्रद्धारा संचालित कम्पनी र निजी गुठी वारेमा मौन

छ। अर्थ मंत्री द्वारा प्रस्तुत वजेटमा निजी शैक्षिक संस्थाहरु सँग साझेदारी गरि सामुदायिक विद्यालय वा कलेज संचालन गर्ने रहेको छ। जुन एक आपसमा विरोधाभाषपूर्ण छ।

९) सामुदायिक विद्यालय व्यवस्थापन समिति सम्वन्धी अवधारण अत्यन्तै राम्रो र स्वागतयोग्य छ।

१०) मूल ऐनको दफा १६ को उपदफा ३ मा “कम्पनी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोहि कम्पनीको नाममा रहनेछ” भनिएको छ। जुन स्वागतयोग्य छ।

११) सामुदायिक विद्यालयका कतिपय: शिक्षक/कर्मचारीहरुले आफ्नो अधिकार वारेमा वढी र कर्तव्यको वारेमा कम भूमिका निर्वाह गर्ने र शैक्षिक भन्दा राजनैतिक गतिविधिमा संलग्न हुने र राजनैतिक पार्टीको शक्तिको आडमा शैक्षिक गुणस्तर नखस्किन दिन यो शिक्षा ऐन सचेत छ र तद्नुरुप निष्पक्ष ढंगले व्यवहारमा कार्यान्वयन ल्याउन जरुरी छ।

१२) शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष संचालन गर्न अनिवार्य रुपमा अनुमति लिनुपर्ने व्यवस्था गरिएको छ। जुन स्वागतयोग्य छ।

१३) उच्च माध्यमिक शिक्षा परिषद्मा कार्यरत कर्मचारीहरुको हकमा “स्थायी” पदपूर्ति को सवालमा एक हद सम्म उचित निकास दिन खोजिएको छ। तर, उच्च माध्यमिक तहमा अध्यापनरत शिक्षकको हदमा न्यायोचित निकास दिन कंजुस्याई गरिएको छ।

**सच्याउनुपर्ने विषयहरु तथा समाधानका उपायहरु:**

१) यो शिक्षा ऐनले “कम्पनी” खारेज गरेको छ र कम्पनीको सट्टा “शैक्षिक गुठी” राखिएको छ। मुलुकको सिंगो शिक्षा जगत्मा निजी क्षेत्रले ५६ प्रतिशत आर्थिक लगानी गरेको, विज्ञान तथा प्रविधि (मूलत: चिकित्सा, ईन्जिनियरिङ्ग, कृषी, वन आदि) र व्यवस्थापन शिक्षाको क्षेत्रमा उल्लेखनीय कार्य गरेको छ र शिक्षाको अन्य विधामा गुणस्तरीय र परिणाममुखी शिक्षा प्रदान गरेको छ। तसर्थ, निजी क्षेत्रलाई “कम्पनी” मा जान नदिनु भनेको गुणस्तरीय शिक्षाको विस्तारमा वाधक हो र शिक्षालाई संकुचन गर्नु हो। तसर्थ, निजी शैक्षिक संस्थाहरुको सम्पत्तिको संरक्षण र सम्वर्धन गर्न र लगानी विस्तार गर्न समेत कंपनीको निरन्तरता आवश्यक छ। हाल विद्यमान कम्पनीहरुले पनि निरन्तर र अविच्छिन्न रुपले कार्य गर्ने गरि संशोधन गर्नु आवश्यक छ। नेपालको संविधानको भाग-४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व विषयमा धारा ५१ मा उल्लेखित राज्यका नीतिहरु अन्तर्गत उपधारा (घ) को (१) देखि १३ सम्म अर्थ, उद्योग र वाणिज्य सम्वन्धी नीति रहेको छ।जस अन्तर्गत देहायका नीतिहरु यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु।

   १) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने।

   २) अर्थतन्त्रमा निजी क्षेत्रको भूमिका लाई महत्व दिँदै उपलव्ध साधन र स्रोतको अधिकतम परिचालन गरि आर्थिक समृद्धि हासिल गर्ने।

८) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योग धन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरि नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने।

९) राष्ट्रिय अर्थतन्त्रको विकासको लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने।
यसैगरी भाग ४ धारा ५१ (ज) को नागरिकका आधारभूत आवश्यकता सम्वन्धी नीतिको देहायका वुँदाहरु यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु।

१) शिक्षा लाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक , सीपमूलक, रोजगारीमूलक एवं जनमुखी वनाउँदै सक्षम, प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने।

२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएका निजी क्षेत्रको लगानी लाई नियमन र व्यवस्थापन गरि सेवामूलक वनाउने।

३)	उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य वनाई क्रमश: निशुल्क वनाउँदै लैजाने ।

माथिको तथ्यलाई विश्लेषण गर्दा नेपालको संविधानले निजी क्षेत्रको भूमिका र योगदानलाई सम्मान गरेको छ । राष्ट्रिय अर्थतन्त्रलाई समृद्ध र सुदृढ वनाउन “तीन खम्वे” अर्थ नीतिमा निजी क्षेत्रको सहभागिता र विकास गर्ने राज्यको नीति रहेको, स्वदेशी लगानीकलाई प्राथमिकता दिनुपर्ने, संरक्षण र प्रवर्द्धन गर्नुपर्ने, शिक्षामा निजी क्षेत्रको लगानी वढाउनु पर्ने साथसाथै नियमन र व्यवस्थापन गरि सेवामूलक वनाउनु पर्ने संवैधानिक व्यवस्था छ । हालै मात्र नेपाल सरकारको तर्फवाट अर्थमन्त्री द्धारा प्रस्तुत वजेटमा शिक्षा क्षेत्रमा अत्यन्त राम्रा र सकारात्मक अवधारण प्रस्तुत हुँदाहुँदै पनि शिक्षा प्राथमिकताको छैठौंमा पर्नु र शिक्षा वजेट १८ प्रतिशत वाट घटेर हाल ११.०९ प्रतिशतमा झर्नु चिन्ताजनक छ । संघियता पूर्ण कार्यान्वयनमा आए पश्चात पनि प्रदेश र स्थानिय निकायको लगानी समेत घट्ने स्थिति देखिन्छ । तीन खम्वे अर्थ नीति अन्तर्गत एक सहकारी भएको र सहकारी द्धारा शैक्षिक संस्था चलाउन किन नपाउने ? भन्ने प्रश्न अदालतमा मुद्धा उठेमा यो ऐनले अर्को समस्या झेल्नु पर्ने देखिन्छ । यद्यपि, शिक्षामा सहकारीले आकार ग्रहण नगरिसकेको वर्तमान अवस्थामा सहकारीतामा पूर्ण निर्भर वन्न सकिन्न । तसर्थ, अहिल्यै निजी क्षेत्रको पूर्ण विकल्प सोच्ने वेला भइसकेको छैन । तसर्थ, शिक्षामा गुणस्तर वढाउने हो भने, राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्यार्थीहरुको आकर्षक गन्तव्य नेपाल वनाई यस देशलाइ “एजुकेशन हव” वनाउने हो भने निजी क्षेत्रको भूमिकालाई वढाउने, निजी क्षेत्रलाई स्वागत र सम्मान गर्ने , निजी क्षेत्रको लगानी विस्तार गर्ने, लगानीको संरक्षण र सम्वर्धन गर्नु राज्यको दायित्व र कर्तव्य हो । नेपालको संविधानले ”सम्पत्तिको हक” को ग्यारेन्टी गरेको वर्तमान अवस्थामा, राज्यले उदार अर्थतन्त्र अंगीकार गरि लगानीमैत्री वातावरण वनाइरहेको वर्तमान अवस्थामा आगामी दिनमा शैक्षिक संस्थाहरु कम्पनी ऐन अन्तर्गत दर्ता हुन नपाउने प्रावधान राख्नुले हाम्रो शिक्षा मन्त्रालय अनुदार देखिन्छ । नेपालको संविधानको मर्म, भावना र प्रावधान विपरीत माननिय वुद्धिजीवी सांसद ज्यूहरुको ध्यान नपुग्नु दुःखदायी पक्ष हो । तसर्थ, शिक्षा ऐन संशोधन गरि कम्पनी ऐन अन्तर्गत निजी शिक्षण संस्थाहरु दर्ता हुने प्रावधान राख्न वाञ्छनीय देखिएकोले त्यसतर्फ सम्वन्धित पक्षहरुको विनम्रतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु ।

२)	यस ऐनमा कम्पनीको सट्टा “शैक्षिक गुठी” राखिएको छ र कम्पनीले चाहेमा शैक्षिक गुठीमा जान सक्ने प्रावधान राखेको छ । शैक्षिक गुठी अन्तर्गत निजी र सर्वाजनिक गुठी हुनेछ भनेर भनेतापनि सो परिभाषित गरिएको छैन । त्यसको काम कर्तव्य र अधिकार स्पष्टसँग परिभाषित हुनुपर्दछ ।

३)	यस ऐनमा उच्च माध्यमिक शिक्षा परिषद खारेज गरि “राष्ट्रिय परीक्षा वोर्ड” गठन गर्ने प्रावधान रहेको छ । शिक्षा ऐनको आठौं संशोधन किन ल्याउनुपर्‍यो ? भन्ने उद्देश्य र कारणमा तत्कालिन शिक्षामंत्री चित्रलेखा यादवले “विद्यालय संरचना परिवर्तन गरि गुणस्तरीय शिक्षा प्रदान गर्न, नेपाल सरकारको विगतका प्रतिवद्धता कार्यान्वयन गर्न, वर्तमान अवस्थामा विद्यालय शिक्षा फरकफरक ऐनवाट संचालन भइरहेको हुनाले यसको संचालन र व्यवस्थापनमा देखिएको समस्या समाधान गर्न एउटै ऐनवाट विद्यालय शिक्षा प्रदान गरि एउटै परीक्षा वोर्डवाट परीक्षाको संचालन तथा व्यवस्थापन गर्न अपरिहार्य भएको छ” भनि भनिएको छ । एकातर्फ शिक्षामा “एकद्धार प्रणाली” को अवधारण ल्याइएको छ भने अर्को तर्फ ०+२ को समग्र नीति तथा कार्यक्रम हेर्ने उ. मा. शि. प. खारेज गरि परिक्षा मात्र संचालन गर्ने गरि राष्ट्रिय परिक्षा वोर्ड गठन गरिएको छ । सम्वन्धन एउटा निकायले दिने, पाठ्यक्रम पाठ्यपुस्तक अर्को निकायले हेर्ने, अनुगमन मूल्यांकन छुट्टै निकायले हेर्ने, परीक्षाको जिम्मेवारी छुट्टै निकायले हेर्ने हो भने वहुद्धार प्रणाली हुन्छ । यसले एक आपसमा द्धन्द सृजना गरि छिटो छरितो काम नहुने र गुणस्तरमा समेत ह्रास आउँछ कि भन्ने चिन्ता र आसङ्का छ । तसर्थ, “माध्यमिक शिक्षावोर्ड” गठन गरि समग्र नीति निर्माण र कार्यान्वयन गर्ने गरि जिम्मा दिएमा एकद्धार प्रणाली अन्तर्गत संचालन भई मुलुकको हित हुनेछ भन्ने हो ।

४)	विद्यालय संरचना परिवर्तन गर्दा हालको संरचना (पूर्व प्राथमिक-प्राथमिक-निम्न माध्यमिक-माध्यमिक, उच्च माध्यमिक-विश्वविद्यालय) ले शैक्षिक गुणस्तर सुधार्नमा के कस्तो वाधा अड्चन पुर्‍यायो र

आधारभूत, माध्यमिक र उच्च माध्यमिक शिक्षा तह वनाउँदा गुणस्तरमा किन र कसरी व्यापक परिवर्तन आउँदछ भन्ने विषयमा परिभाषित गर्न र वर्गीकरणका आधारहरुस्पष्ट पार्न जरुरी छ । अन्यथा, दातृ राष्ट्र र अन्तर्राष्ट्रिय संघ संस्थाको दवाव वा तथाकथित विगतका प्रतिवद्धताले शिक्षामा गुणस्तर ल्याउँदैन । यसले शिक्षालाई आत्मनिर्भर र स्वावलम्वी वनाउनुको सट्टा परावलम्वी र अरुको साधन स्रोत र मुख ताक्ने वनाउन सक्दछ र यस वारेमा राष्ट्रभक्त नेपालीले सोच्न जरुरी छ ।

५) यस ऐनले १८ वर्ष भन्दा मुनिको कक्षा ९ देखि १२ कक्षा सम्मलाई माध्यमिक शिक्षा परिभाषित गरिएको छ भने प्राविधिक तथा व्यवसायिक शिक्षा तर्फ ९ देखि १३ कक्षा सम्मलाई माध्यमिक शिक्षा वनाइएको छ । एकातर्फ माध्यमिक र उच्च माध्यमिक शिक्षा वनाउँदा गुणस्तरमा सुधार नआएको दलिल पेश गरिएको छ र उच्च माध्यमिक शिक्षा परिषद् खारेज गरिएको छ भने अर्कोतर्फ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT)लाई निरन्तरता प्रदान गरिएको छ । एउटै देशभित्र द्वैध शिक्षा नीति किन ? भन्ने प्रश्नको उत्तर यस शिक्षा ऐनले दिन सकेको छैन ।

६) विदेशी विश्वविद्यलय र परीक्षा वोर्डवाट सम्वन्धन लिएर संचालित ए लेवल, सि.वि. एस.इ / आई.सि.एस.इ. /आइ.वि. आदि र अन्य विदेशी विश्वविद्यालयद्धारा सम्वन्धन लिई संचालित कार्यक्रमका वारेमा यस ऐन मौन छ । एकातर्फ शिक्षालाई एकद्धार प्रणालीमा ढाल्ने भनिएको छ भने अर्कोतर्फ एउटै देशमा संचालित कार्यक्रमहरुमा द्वैध नियम किन ? भन्ने प्रश्नको उत्तर यस ऐनले दिन सकेको छैन ।

७) मुलुकको शिक्षा सम्वन्धी समग्र नीति निर्धारण गर्ने सम्वन्धमा नेपाल सरकारलाई सल्लाह तथा सुझाव दिन "राष्टिय् शिक्षा परिषद्" गठन हुने स्वागतयोग्य छ । तर शिक्षा ऐनको प्रस्तावनामा "विद्यालय व्यवस्थापन" को मात्र उल्लेख हुनु र समग्र शिक्षा नीतिको लागि "राष्ट्रिय शिक्षा परिषद्" गठन हुनु कानून विपरीत हुन्छ कि? यसतर्फ ध्यान पुऱ्याइनु जरुरी छ । साथै यसले शिक्षा सम्वन्धि नीति निर्धारणमा सल्लाह र सुझाव मात्रै दिने नभई समस्या केलाउने, समस्याको पहिचान गर्ने, समस्याहरुको समाधानको उपायाहरु निकाल्ने र त्यसलाई कार्यान्वयन गर्ने अधिकार सम्पन्न संस्था वनाइनुपर्थ्यो । त्यस परिषद्को सदस्यहरु शिक्षा सम्वन्धि व्यापक सोच र दृष्टिकोणका धनी शिक्षाविद्हरु, शिक्षा क्षेत्रका लागानीकर्ताहरु र शिक्षामा जिन्दगी विताएका र शिक्षालाई पेशा र व्यवसाय वनाएका सरोकारवाला व्यक्तिहरु राखि गठन गर्नु पर्थ्यो । शिक्षा सम्वन्धि नीति निर्माण गर्ने तह भएको हुँदा समावेशी र समानुपातिकका नाममा र व्यापक क्षेत्र ओगट्ने नाममा वोर्ड सदस्य राखि राष्ट्रिय शिक्षा परिषद् गठन हुनुले वोर्डको सम्मान र गरिमामा आँच आउँछ कि भन्ने तथ्यमा सचेत हुन नसेको देखिन्छ ।

८) राष्ट्रिय परीक्षा वोर्डले कक्षा ११ र कक्षा १२ मा मात्र परीक्षा संचालन गर्नेछ भनिएको छ । एकातर्फ विश्व "सेमेष्टर प्रणाली" मा जाँदैछ । यसको उद्देश्य भनेको विद्यार्थीको समग्र मूल्यांकन ३ घण्टे परीक्षाले गर्दैन । उसको नियमितताको लागि हाजिरी, क्लासवर्क, होमवर्क, आन्तरिक परीक्षा र वाह्य परीक्षालाइ जोड दिइएको छ भने कक्षा ११ मा समग्र परीक्षा हटाउँदा गुणस्तरमा ह्रास आउँछ । तसर्थ, काक्षा ११ को परीक्षा लिने र समग्र मूल्यांकन गर्ने जिम्मा सम्वन्धित शैक्षिक संस्थालाई दिनुपर्दछ । त्यसैगरी राष्ट्रिय परिक्षावोर्डको गठन हुँदा परीक्षा सँग सम्वन्धित वा परीक्षाको विषयमा ज्ञान भएका र परीक्षाको मर्यादा प्रति सचेत भएका व्यक्तित्वहरु समावेश गरी गठन हुनुपर्थ्यो । जसमा यो शिक्षा ऐन चुकेको छ । त्यसैगरी प्रदेश, गाउँ वा नगरपालिकाको शिक्षा समितिलाई पनि गरीमामय वनाउने गुणस्तर वृद्धि गर्न र आर्थिक एवं भौतिक पूर्वाधारहरुको निर्माण संरक्षण र सम्वर्धन गर्न योग्य समिति वनाउन सकिएको भए उत्कृष्ट परिणाम हासिल गर्न सकिन्थ्यो ।

९) आज विश्वव्यापी रुपमा उठेको प्रश्न हो कि - "शिक्षालाई प्राज्ञिक वनाउने कि प्रशाशनिक वनाउने ?मेरो विचारमा निश्चय पनि आधारभूत शिक्षा प्राज्ञिक मर्म र भावनालाई आत्मसाथ गर्दै प्रशाशनिक वनाउनु पर्दछ । माध्यमिक शिक्षा प्राज्ञिक र प्रशाशनिक गरि संचालन गर्नुपर्दछ र विश्वद्यिालय शिक्षा विशुद्ध प्राज्ञिक हुनुपर्दछ । शिक्षा ऐनले हाम्रो शिक्षालाई मूलतः प्रशाशनिक तवरले संचालन गर्न खोजेको छ ।

त्रिभुवन विश्वविद्यालय लगायत अन्य विश्वविद्यालय हरुमा कार्यरत प्राध्यापकहरु, स्वदेश तथा विदेशमा कार्यरत अनुसंधानविद्, शिक्षाक्षेत्रका लगानीकर्ता र योगदान पुऱ्याएका व्यक्तिहरु र विज्ञहरुको विज्ञतालाई शिक्षाको नीति निर्माण गर्ने र कार्यान्वयन तहमा सक्रिय सहभागितावाट वञ्चित गर्न खोजिएको आभाष मिल्दछ । , जुन मुलुकको लागि दुर्भाग्य हो ।

१०) यस ऐनले माध्यमिक शिक्षा देखि नै शिक्षामा दुई धारको व्यवस्था गर्नुपर्दथ्योः-
(क) साधारण शिक्षा (ख) विज्ञान र प्राविधिक तथा व्यवसायिक शिक्षा
साधारण शिक्षा सैद्धान्तिक, ज्ञानवर्द्धक, व्यवहारिक र सीपमूलक तथा विज्ञान र प्राविधिक तथा व्यवसायिक शिक्षा सैद्धान्तिक, प्रयोगात्मक, ज्ञानवर्द्धक, अनुसन्धानमूलक तथा व्यवहारिक हुनुपर्दथ्यो । विज्ञान शिक्षालाई विशुद्ध विज्ञानका क्षेत्रहरु र मेडिसिन, इन्जिनियरिङ्ग, खाद्य, कृषि वन लगाएतका प्राविधिक विषयहरुमा केन्द्रित गरिनुपर्दथ्योभने प्राविधिक तथा व्यवसायिक विषयहरुलाई पोलिटेक्निक इंष्टिच्यूट मार्फत पोलिटेक्निक विश्वविद्यालय सम्मको ढाँचा कोरिनु पर्दथ्यो ।मुलुकमा ९ प्रतिशत मात्र प्रावधिक तथा व्यवसायिक जनशक्ति उत्पादन रहेको र ९१ प्रतिशत साधारण शिक्षा हासिल गरेको वर्तमान परिवेशमा रोजगारी र व्यवसायमुखी प्राविधिक तथा व्यवसायिक शिक्षामा ध्यान दिन यो शिक्षा ऐन चुकेको छ ।

११) शिक्षा ऐनमा स्पष्ट रुपले आधारभूत शिक्षा (कक्षा १-८), माध्यमिक शिक्षा (कक्षा ९-१२), ०+२ मात्र र विश्वविद्यालय शिक्षा चलाउन आफ्नो दक्षता र अनुकुलता हेरि संचालन गर्न पाउने गरि तोकिनुपर्दथ्यो । यो शिक्षा ऐन यस वारेमा मौन छ र शिक्षण संस्थाहरुमा अन्यौलता छ । यस विषयलाई नियम/विनियमावलीहरुमा प्रष्ट साथ किटान गरिनुपर्दछ ।

१२) यस शिक्षा ऐनले राष्ट्रिय शिक्षा परिषद्, राष्ट्रिय परीक्षा वोर्ड, जिल्ला शिक्षा परिषद् र स्थानिय निकायको शिक्षा समिति आदिमा गुणस्तरीय शिक्षा प्रदान गरि आफूलाई प्रमाणित गरिसकेका निजी क्षेत्रको उचित प्रतिनिधित्व आवश्यक ठानेको छैन जुन आपत्तिजनक छ ।

१३) नेपालको संविधानले कक्षा ८ सम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरेको छ । सामुदायिक विद्यालयको हकमा यो लागु होला निजी विद्यालयको हकमा कसैले निःशुल्क पढ्न चाहेमा त्यसको व्यवस्थापन कसरी हुने भन्ने सवालमा यो शिक्षा ऐन मौन छ ।

१४) यो शिक्षा ऐन लागु भएपछि उच्च माध्यमिक शिक्षा परिषद् खारेज हुने व्यवस्था छ । राष्ट्रिय परिक्षा वोर्ड गठन नभइसकेको स्थितिमा र उ. मा. शि. प. खारेज हुने अवस्थामा दैनानुदिन कार्यसम्पादन गर्न संक्रमणकालिन व्यवस्थाको आवश्यकता थियो त्यसमा यो शिक्षा ऐन चुकेको छ ।

१५) यो शिक्षा ऐन चल्न नसकेका वा चल्न गाऱ्हो भएका विद्यालय तथा उ. मा. वि. हरुको विषयमा मौन छ । चल्न नसकेका शिक्षण संस्थाहरुको हकमा आकर्षक प्याकेज दिई मर्ज गर्ने प्रक्रियामा लगेमा शिक्षामा संख्यात्मक भन्दा गुणात्मक शिक्षण संस्थाको उपस्थिति भई गुणस्तरमा सुधार आउने थियो । साथै कुनै पनि शैक्षिक संस्थाले घर, जग्गा, उपकरणहरु जोड्न चाहेमा सुपथ व्याजमा ऋण प्रदान गर्ने व्यवस्था भएको भए शिक्षामा गुणात्मक फड्को मार्ने स्थिति पैदा हुने थियो ।

१६) नेपालको संविधान २०७२ को भाग ५ धारा ५६ को उपधारा (१) मा **"संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना राज्यको संरचना अन्तर्गत संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ"** भनी उल्लेख गरिएको छ । त्यसैगरी उपधारा (४) मा **"स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन्"** भनी उल्लेख गरिएको छ । नेपालको संविधानको धारा ५७ को राज्यशक्तिको वाँडफाँड अन्तर्गत उपधारा (१) मा **"संघको अधिकार अनुसूची- ५ मा उल्लिखित विषयमा, उपधारा (२) मा प्रदेशको अधिकार अनुसूची- ६ मा उल्लिखित विषयमा र उपधारा (४) मा स्थानीय तहको अधिकार अनुसूचि -८ मा उल्लिखित विषयमा निहित रहनेछ"** भन्ने उल्लेख छ ।

अनुसूची-५ मा संघको अधिकारको सूचीका विषयहरुमा क्र.सं. १५ मा केन्द्रीय विश्वविद्यालय, केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठान, विश्व विद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय उल्लेख छ । यसैगरी अनुसूची -६ मा प्रदेशको अधिकारको सूचीका विषयहरुमा क्र. सं. ८ मा प्रदेशको विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र संग्रहालय रहेका छन् । अनुसूची-८ मा स्थानीय तहको अधिकारका सूचीका विषहरुमा क्र. सं. ८ मा आधारभूत र माध्यमिक शिक्षा रहेका छन् । अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीका विषयहरु अन्तर्गत क्र. स. २ मा शिक्षा, खेलकुद र पत्रपत्रिका रहेका छन् । वर्तमान संविधानको धारा ५९ को उपधारा १ देखि ७ सम्म संघ, प्रदेश र स्थानीय तह बीच आर्थिक अधिकारको प्रयोग कसरी गर्ने र धारा ६० को उपधारा १ देखि ८ सम्म राजस्व स्रोतको बाँडफाँड कसरी गर्ने भन्ने कुराको उल्लेख छ ।

यस ऐन नेपालको संविधान-२०७२ को घोषणा हुनुअगावै सदनमा पेश भएको हुँदा यस ऐनमा संघ, प्रदेश र स्थानीय निकाय वीचको आर्थिक अधिकारको प्रयोग, राजस्व स्रोतको बाँडफाँड र संवैधानिक कानूनी अधिकारको वारेमा मौन छ । यसमा प्रदेशको 'प' सम्म कतै उच्चारण गरिएको छैन । नेपालको संविधानले केन्द्रिकृत रुपमा केन्द्रीय विश्वविद्यालय, विश्वविद्यालयको मापदण्ड र नियमन मात्र यसको क्षेत्राधिकारमा राखेको छ र विद्यालय शिक्षाको नामोनिसाना छैन । अर्कोतर्फ, प्रस्तुत ऐनमा केन्द्र पछि जिल्लालाई वलियो तुल्याएको छ । जवकि वर्तमान संविधानले जिल्लाको कार्यकारी भूमिकाको परिकल्पना गरेको छैन र जिल्लालाई स्थानीय निकायको संयोजनकारी भूमिका दिएको भए पनि अधिकारविहिन देखिन्छ । ऐनमा शक्तिशाली प्रदेशको काम, कर्तव्य र अधिकारको वारेमा एक शव्द पनि उल्लेख नहनु र संविधानतः अधिकारविहीन, जिल्लालाई अधिकार सम्पन्न वनाइनु नेपालको संविधान -२०७२ विपरीत हुनेछ । नेपालको संविधानको भाग -१ को प्रारम्भिक विषय अन्तर्गत धारा १ मा **संविधान मूल कानून:** अन्तर्गत उपधारा (१) मा **"यो संविधान नेपालको मूल कानून हो । यस संविधानसँग वाझिने कानून वाझिएको हदसम्म अमान्य हुनेछ"** उल्लेख छ । यो ऐन नेपालको संविधानसँग वाझिन्छ । यसप्रति सांसदहरु सचेत नहुनु भएको देखिन्छ । तसर्थ यसमा परिमार्जन गर्न जरुरी छ र संधिानसम्मत वनाउनु आवश्यक छ । दोस्रो तथ्य धारा (१) को उपधारा (२) मा **"यस संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ"** भनी उल्लेख गरिएको छ । आम नागरिक र सर्वसाधारण समेतले त संविधानको पालना गर्नुपर्दछ भने राज्य झन् वढी जिम्मेवार र संवेदनशलि वन्नुपर्दछ । विधेयक प्रस्तुतकर्ता तत्कालिन शिक्षामंत्रीले उद्देश्य र कारणमा **"संवैधानिक प्रारुप अनुसार गर्न र नेपालको संविधानमा व्यवस्था भए अनुसार कतिपय निकायको नाम परिवर्तन भएकाले विगतको नामवाट कार्य संपादन गर्न कठिनाई हुने देखिएको हुँदा"**भन्ने वाक्यांस अनुरुप पनि संविधान सम्मत वनाउनु जरुरी देखिन्छ ।

**उपसंहार**

यस शिक्षा ऐन सकारात्मक भएपनि उत्कृष्ट भने छैन । विद्धान सांसदहरु र शिक्षा क्षेत्रका हस्तिहरु, शिक्षा क्षेत्र वुझेका व्यक्तित्वहरु सांसद भएतापनि सिंगो संसदले सर्वस्विकार्य ऐन वनाउन नसक्नु दुःखदायी पक्ष हो । संविधानको मर्म र भावना आत्मसाथ गर्न नसक्नु यो ऐनको कम्जोरी पक्ष हो । एक्काइसौ शताब्दीको वर्तमान परिप्रेक्षमा र नेपालले WTOमा गैसकेको अवस्थामा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको निजी क्षेत्रको भूमिका र योगदानलाई सम्मान गर्न नसक्नु, उदार हृदयले शिक्षा क्षेत्रलाई विशेष गरि प्राविधिक, व्यवसायिक तथा व्यवस्थापनका क्षेत्रहरुलाई विस्तार गरि गुणस्तरीय शिक्षाको केन्द्र नेपाललाई वनाउन वाट यो शिक्षा ऐन चुकेको छ । मलाई आशा एवं विश्वास छ, सम्वन्धित निकायहरुले यसलाई गंभिरतापूर्वक ध्यान दिनुहुनेछ र यथाशिध्र छिटो यस ऐनको संशोधन मार्फत र नियम विनियमावली मार्फत हाम्रो भावनालाई समेट्नु हुनेछ । यसमै निजी क्षेत्रको मात्र नभई सिंगो मुलुकको कल्याणछ ।

धन्यवाद २०७३/०३/०३